# रामग्राम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
परासी,नवलपरासी (ब.सु.प)

पोखरी ठेक्काको खुल्ला डांक बढाबढ सम्बन्धी
## सूचना ! सूचना !! सूचना !!!

(प्रथम पटक प्रकाशित मितिः २०७८/०३/२२ गते)

रामग्राम नगरपालिकाको अधिकार क्षेत्र तथा भोग चलनमा रहेको पोखरीहरु माछा पालन गरी आय आर्जनको लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएको हुदा रामग्राम नगरपालिकाको आर्थिक ऐन २०७७ तथा सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम तपसिलको शर्तहरु मन्जुर गरी खुल्ला डांक बढाबढ प्रतिस्पर्धामा भाग लिन ईच्छुक व्यक्ति, फर्म, संघ संस्था तथा अन्य सम्बन्धित सबैको जानकारीको लागि यो प्रकाशित गरिएको छ ।

***शर्तहरु:***

१. पोखरी ठेक्का लिन इच्छुक व्यक्ति, फर्म र संघ संस्थाले यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन पछि डांक बढावढ तालिका बमोजिम आफुले डांक बढाबढमा भाग लिन इच्छुक पोखरीको सिलसिलेवार नामको आधारमा तोकिएको न्यूनतम ठेक अंकको ( ५ प्रतिशत ) धरौटी रकम राखी डाक बढाबढको लागि नाम दर्ता गराउनु पर्ने छ । नगरपालिकाले डाक बढाबढको लागि तोकेको मिति, समय र स्थानमा वडा कार्यालयमा नाम दर्ता गराएका सम्बन्धित ब्यक्ति, फर्म र संस्था एवं कार्यालय प्रतिनिधिहरुको रोहवरमा डाकवढाबढको कार्य हुनेछ । डाक बोल्ने क्रममा निजले जुन क्रममा धरौटी राखेको छ सोही क्रम कायम हुनेछ । डाक बढाबढमा भाग लिन इच्छुक व्यक्ति, फर्म र संस्थाहरु वडा कार्यालयमा नाम दर्ता गराउन छुट भएमा निजले नगरपालिकाले तोकेको मिति, समय र स्थानमा आई नाम दर्ता गराई डांक बढाबढमा भाग लिन सक्ने छ ।

२. प्रत्येक पोखरीको डांक बढाबढको समयावधि पहिलो चरणमा बढीमा ३० मिनेटको हुनेछ । एक जनाले डांक बोली सकेपछि अर्को डांक बोल्ने ब्यक्तिले ३० सेकेण्डमा आफनो डांक बोली सक्नु पर्नेछ । उक्त तोकिएको समयावधि भित्र डांक नबोलेमा डांक बोल्ने क्रमको अर्को ब्यक्तिको पालो हुने छ, एवं रीतले ३० मिनेट सम्म पहिलो चरणको डांक वढाबढ हुने छ । पहिलो चरणको डांक बढाबढको समय अभाव भएको अवस्थामा डांक बढाबढ कार्यमा कार्यालयबाट खटिएका टोली र डांक बढाबढमा भाग लिन आएका सेवाग्राही बीच आपसी समझदारी कायम गरी आवश्यक समयाबधि थप गरी पुनः दोश्रो चरणको लागि डांक बढाबढ गराईने छ । सो अवधि भित्र डांक बढाबढमा जसको कबोल रकम सब भन्दा बढी हुन्छ सोही रकमलाई अन्तिम रकम मानिनेछ ।

३. डांक बढाबढ गर्दा प्रत्येक अघिल्लो डाकवालाको कबोल अंक भन्दा कम्तीमा रु. २,०००।०० (दुई हजार) भन्दा कम बोल्न पाईने छैन ।

४. प्रत्येक पोखरीको ५ वर्षको न्युनतम कबोल अंक तपसिलमा उल्लेख गरिएको छ । सोमा लाग्ने अन्य कर, दस्तुर, शुल्क सम्पुर्ण ठेक्का लिने ठेकेदारले नै बुझाउनु पर्नेछ ।

५. डांक बढावढ गर्दा प्रत्येक पटकको बोलीमा धरौटी स्वरुप कबोल अंकको ५ प्रतिशत रकम नगदै राख्नु पर्नेछ । डांक स्वीकृत भएको ब्यक्ति सहित क्रमशः दोश्रो र तेश्रो स्थानको डांकवालाको धरौटी रकम पोखरीको सम्झौता नभए सम्मको लागि राखिने छ । सम्झौता भई सके पछि मात्र धरौटी फिर्ता दिनु पर्ने भए नियमानुसार फिर्ता दिईनेछ ।

६. पोखरी ठेक्काको स्वीकृत कबोल रकम ५(पाच) किस्तामा बुझाउनु पर्नेछ । पहिलो किस्ता र सोही किस्ता बराबरको जमानत बापतको रकम अग्रीम रुपमा बुझाई सकेपछि मात्र १(एक) वर्ष म्याद भएको पट्टा चलन पुर्जी दिइने छ । पट्टा चलन पुर्जी नवीकरणका लागि प्रत्येक अघिल्लो वर्षको चैत्र मसान्तभित्र थप अर्को किस्ताको रकम अग्रीम रुपमा बुझाएमा मात्र पुनः१ वर्ष म्याद थप हुनेछ । एवं रीतले पाच वर्ष सम्मको म्याद थप हुदै जानेछ ।

७. तोकिए बमोजिमको किस्ता रकम नबुझाएमा सम्बन्धित पोखरीको लागि अग्रीम एक किस्ताको रकम वराबर राखिएको जमानत वापतको रकम जफत गरी ठेक्का रद्द गरी बाकी अवधिका लागि अर्को ठेक्का बन्दोबस्त गरिने छ ।

८. ठेक्का रकम एकमुष्ठ बुझाउनेलाई १० प्रतिशत छुट दिईनेछ ।

९. डांक बढाबढको दिन विदा परेमा पनि तोकिएको समय, स्थानमा डाक बढाबढको कार्य गरिनेछ ।

१०. डांक स्वीकृत भई जानकारी पाएको मितिले ७ (सात) दिन भित्र संझौता गर्न नआएमा स्वतः धरौटी जफत भई जानेछ र पुनः नियमानुसार ठेक्का बन्दोवस्त गर्न नगरपालिकालाई बाधा पर्ने छैन ।

११. पोखरीको मौजूदा अवस्था आफै गई हेर्न वा विस्तृत जानकारीका लागि पोखरी भएको स्थानको वडा तथा गाउमा गई जानकारी लिन सकिनेछ ।

१२. कुनै कारण खोली वा नखोली पोखरी ठेक्का दिने वा नदिने सम्पुर्ण अधिकार रामग्राम नगपालिकामा सुरक्षित रहने छ ।

रामग्राम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लुम्बिनी प्रदेश, नेपाल

परासी,नंवलपरासी (ब.सु.प)

---

१३. रामग्राम नगरपालिकाबाट प्रत्येक वर्ष पोखरी मर्मत गर्ने कार्यक्रम रहेको हुँदा जुन वर्ष जुन पोखरी मर्मत गर्नु पर्ने हो सोको जानकारी नगरपालिकाले प्रत्येक वर्षको माघ महिना भित्र सम्बन्धित ठेकेदारलाई गराउने छ । निज ठेकेदारले उक्त पोखरी फाल्गुन महिना भित्रै खाली गर्नु पर्ने छ । ठेकेदारले चैत्र र बैशाख दुई महिनाको अवधि भरी पोखरी खाली राखी मर्मत संभार कार्यमा सहयोग गर्नु पर्ने छ । उक्त कार्य गर्दा ठेकेदारलाई नगरपालिकाबाट कुनै छुट, मिनहा, क्षतिपुर्ती र म्याद थप दिइने छैन ।

१४. ठेक्का अवधि भरिमा पोखरीमा कुनै पनि कारणले हुन गएको क्षती वापतको रकम क्षतीपुर्ति भनेर ठेकेदारलाई कुनै किसिमको छुट, मिनाहा, वा म्याद थप दिईनेछैन । तर नेपाल सरकारले त्यस्तो क्षतीको क्षतिपुर्ति दिन कुनै किसिमको कार्यक्रम संचालन गरेको भए सोको लागि ठेकेदारले सिफारिस माग गरेमा सम्बन्धित निकायमा सिफारिस गर्न भने नगरपालिकालाई बाधा पर्ने छैन ।

१५. प्राकृतिक प्रकोप बाहेक कृषि लगाएत सामाजिक कार्यमा पोखरीको पानी प्रयोग गर्नु पर्ने अवस्था आएमा सम्बन्धित ठेकेदारको समन्वयमा पोखरीको पिधको भुईं सतह देखी ५ फिट पानी माछा पालनको लागि संचीत (सुरक्षित) राखी सो भन्दा बढी रहेको पानी मात्र प्रयोग गर्न सकिने छ ।

१६. यस सम्झौतामा उल्लेख नभएका कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

**पोखरीको विवरण :**

| क्र. सं. | ठेक्का को नाम | ठेगाना | अवधि बर्ष | न्युनतम ठेक अंक | डांक वढाबढ गर्ने मिति | डांक वढावढ हुने समय र स्थान |
|---|---|---|---|---|---|---|
| १ | सहुवाटीकर गाँउको पोखरी | रामग्राम १ | ५ | ३०२५०० | २०७८/०४/०६ | न.पाको हलमा |
| २ | सन्डा गाँउको पोखरी | रामग्राम १ | ५ | १४३०० | | |
| ३ | घोडपाली पोखरी | रामग्राम ३ | ५ | ५८३०० | | |
| ४ | बैरीहवा गाँउंको पुर्व पोखरी | रामग्राम ४ | ५ | २५००० | २०७८/०४/०७ | ४ नं वडा कार्यालय |
| ५ | जितपुर गाँउको पोखरी | रामग्राम ४ | ५ | १६६१०० | | |
| ६ | जितपुर पुर्नहवा पोखरी | रामग्राम ४ | ५ | १६६१०० | | |
| ७ | इटहीया पोखरी | रामग्राम ४ | ५ | ४४५५० | | |
| ८ | जितपूर कटहीया पोखरी | रामग्राम ४ | ५ | १११९०० | | |
| ९ | जितपुर तिवारी पोखरी | रामग्राम ४ | ५ | ५६६५० | | |
| १० | पोखरापाली चक्दहवा | रामग्राम ६ | ५ | १११९०० | २०७८/०४/०८ | ६ नं वडा कार्यालय |
| ११ | विर्ताटोल पोखरी | रामग्राम ६ | ५ | ५०००० | | |
| १२ | उजैनी जमुअहिया पोखरी | रामग्राम ७ | ५ | १३३१०० | २०७८/०४/१० | ७ नं वडा कार्यालय |
| १३ | देउरवा पोखरी | रामग्राम ७ | ५ | २८०५० | | |
| १४ | लोहरहवा पोखरी | रामग्राम ७ | ५ | १२१०० | | |

राजेश पन्थी

रामग्राम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लुम्बिनी प्रदेश, नेपाल

परासी,नवलपरासी (ब.सु.प)

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | ललितपुरको वौडीहावा पोखरी | रामग्राम ९ | ५ | २२१६५० | २०७८/०४/११ | ९ नं वडा कार्यालय |
| १६ | भुतहवा पोखरी लंकहवा | रामग्राम १० | ५ | २२६०५० | २०७८/०४/१२ | १० नं वडा कार्यालय |
| १७ | लंकहवा बेलहवा | रामग्राम १० | ५ | १५५१०० | | |
| १८ | लंकहवा लोहरवा | रामग्राम १० | ५ | ३५००० | | |
| १९ | लंकहवा छोटकी बडकी पोखरी | रामग्राम १० | ५ | ९०००० | | |
| २० | मंझरिया चोक पोखरी ( पकडीहवा) | रामग्राम १० | ५ | २१०१०० | | |
| २१ | मटिअहिया पोखरी | रामग्राम १० | ५ | ५६६५० | | |
| २२ | मुर्दहीया पोखरी | रामग्राम १० | ५ | २३६५० | | |
| २३ | बेलहया पोखरी | रामग्राम १० | ५ | ९९०० | | |
| २४ | लक्ष्मीपुर गाँउको पोखरी | रामग्राम १० | ५ | २२११०० | | |
| २५ | लक्ष्मीपुर गाँउको पश्चिम पोखरी | रामग्राम १० | ५ | ३३०००० | | |
| २६ | सामुदायिक भवन नजिकको पोखरी | रामग्राम १० | ५ | १२१०० | | |
| २७ | केवटानी पोखरी | रामग्राम १० | ५ | १६५०० | | |
| २८ | गोइजहीया पोखरी | रामग्राम १० | ५ | २२०० | | |
| २९ | वावली पोखरी | रामग्राम १० | ५ | २२०० | | |
| ३० | जमुवार्ड गडोरी पोखरी | रामग्राम ११ | ५ | ३३२२० | २०७८/०४/१३ | १२ नं वडा कार्यालय |
| ३१ | रानी पाकड पुर्व पोखरी | रामग्राम ११ | ५ | ८८२२० | | |
| ३२ | पंचगावाँको पोखरी | रामग्राम १२ | ५ | ३४६५० | | |
| ३३ | टोल पोखरी | रामग्राम १६ | ५ | ४४०० | २०७८/०४/१४ | १६ नं वडा कार्यालय |
| ३४ | कहरौटी पोखरी | रामग्राम १६ | ५ | २७५० | | |
| ३५ | पुरनहिया पोखरी | रामग्राम १७ | ५ | १०४५०० | २०७८/०४/१५ | १७ नं वडा कार्यालय |
| ३६ | ताल (तिनवटा ) | रामग्राम १७ | ५ | १२७६०० | | |
| ३७ | बेलहीया पोखरी | रामग्राम १७ | ५ | १४३०० | | |

रामग्राम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लुम्बिनी प्रदेश, नेपाल
परासी,नवलपरासी (ब.सु.प)

नयाँ पोखरी :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३८ | डैनहवा पोखरी | रामग्राम १४ | ५ | ४३००० | २०७८/०४/१६ | १४ नं वडा कार्यालय |
| ३९ | समयमाई पोखरी सुक्रौली | रामग्राम १५ | ५ | १९००० | २०७८/०४/१७ | १५ नं वडा कार्यालय |
| ४० | बौलीया पोखरी | रामग्राम १५ | ५ | ३१००० | | |
| ४१ | महिला पोखरी | रामग्रामा १५ | ५ | ७५००० | | |
| ४२ | मुर्गाहवा पोखरी | रामग्रामा १५ | ५ | ३०००० | | |
| ४३ | डियुहार माई पोखरी | रामग्रामा १५ | ५ | ८०००० | | |
| ४४ | उत्तरटोला पोखरी | रामग्रामा १५ | ५ | ५४००० | | |
| ४५ | कोटही माई नजिकको पोखरी | रामग्रामा १५ | ५ | ३५००० | | |
| ४६ | पोखरी मार्ग जाने पोखरी | रामग्रामा १५ | ५ | ३२००० | | |

..............
राजेश पन्थी
प्रमुख प्रशासकीय अधिकृत

**राजेश पन्थी**
**प्रमुख प्रशासकीय अधिकृत**